SIMPLI-COLLECT™ HPV COLLECTION KIT
बिरामी सन्दर्भ गाइड

तपाईंको किटमा निम्न कुराहरू समावेश छन्:
एउटा Alinity m नमूना ट्युब; एउटा स्टेराइल नमूना सङ्कलन स्वाब

सावधानी: स्वाबको सेतो टुप्पो नछुनुहोस् वा स्वाबलाई तेर्सो पारेर तल नराख्नुहोस्। सेतो टुप्पो छोइयो वा स्वाब तेर्सो पारेर राखियो वा खस्यो भने तपाईंको नतिजा सटीक नआउन सक्छ। तपाईंले नयाँ simpli-COLLECT™ HPV Collection Kit मगाउनु पर्ने हुन्छ।


1. सेटअप गर्ने तरिका

1A हात धुनुहोस् र ओबानो बनाउनुहोस्।



1B ट्युब भएको किट खोल्नुहोस्। ट्युब निकाल्नुहोस्। प्याकेजिङलाई समतल सतहमा राख्नुहोस्।

ट्युबलाई ठाडो पारेर क्याप हटाउनुहोस्। खुला ट्युब र क्यापलाई प्याकेजिङमा फिर्ता राख्नुहोस्।




घडीको सुइ घुम्नेभन्दा विपरीत दिशामा घुमाएर क्याप खोल्नुहोस्

2. तपाईंको नमूना सङ्कलन गर्ने तरिका

2A स्वाब प्याकेटको बाहिरी खोल हटाउनुहोस् र सुन्तला रङको स्वाबको ह्यान्डलमा समात्नुहोस्।

- सेतो टुप्पो नछुनुहोस्।

स्वाब प्रयोग गर्दा, स्वाबको सेतो टुप्पोलाई तपाईंको योनिको भित्री भागबाहेक अरू कुनै पनि चिजमा नछुने प्रयास गर्नुहोस्।



सुन्तला रङको ह्यान्डलमा समात्नुहोस्

2B आफ्नो योनिको मुखसम्म सजिलै पहुँच हुने आरामदायी आसन पत्ता लगाउनुहोस्।

एउटा हातले स्वाब समात्नुहोस्। अर्को हातले, आफ्नो योनिको मुखमा पहुँच पुऱ्याउन खुम्चिएको छाला फट्टाउनुहोस्।

सेतो टुप्पोलाई बिस्तारै आफ्नो योनिमा लगभग 2 इन्च (5 सेमि) भित्रसम्म घुसाउनुहोस्।

15-30 सेकेन्डसम्म स्वाबलाई बिस्तारै घुमाउनुहोस् (स्वाबले तपाईंको योनिको भित्ता छोएको छ भन्ने कुरा सुनिश्चित गर्नुहोस्)।

सावधानीपूर्वक स्वाब हटाउनुहोस्।
स्वाब तल नराख्नुहोस्!



3. स्वाब ट्रान्सफर गर्ने

3A ट्युबलाई ठाडो पारेर समात्नुहोस्। सेतो टुप्पो तलतिर पारेर, स्वाबलाई ट्युबमा राख्नुहोस्।

सुन्तला रङको स्वाब ह्यान्डललाई ट्युबतिर मोडेर ब्रेक लाइन रहेको ठाउँबाट भाँच्नुहोस्। (ब्रेक लाइन पत्ता लगाउन तपाईंले स्वाबलाई थोरै उठाउनु पर्ने हुन सक्छ)।




3B स्वाब ह्यान्डलको यो माथिल्लो टुक्रा फ्याँकिदिनुहोस्!

स्वाबको तल्लो भाग ट्युबमै रहने छ।



3C ट्युबलाई ठाडो पारेर समात्नुहोस् र क्यापलाई घडीको सुई घुम्ने दिशामा घुमाएर ट्युबमा फेरि क्याप लगाउनुहोस्। क्याप हल्का कसिएको महसुस भएपछि पनि एक चौथाई राउन्ड **घुमाएर** क्याप उताउता नघुम्ने गरी कस्नुहोस्।



फेरि क्याप लगाउन घडीको सुई घुम्ने दिशामा घुमाउने

3D स्वाब भएको ट्रान्सपोर्ट ट्युब आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई फिर्ता गर्नुहोस्।

चेतावनी र सावधानीहरू

- यदि प्याकेज क्षतिग्रस्त भएको छ वा सिल टुटेको छ भने simpli-COLLECT™ HPV Collection Kit प्रयोग नगर्नुहोस्। प्रयोग नगरिएका वा बिग्रिएका किटहरू स्थानीय, राज्य स्तरीय र संघीय नियमअनुसार विसर्जन गर्नुहोस्।
- म्याद सकिने मितिपछि simpli-COLLECT™ HPV Collection Kit प्रयोग नगर्नुहोस्।
- स्वाब नमूनाहरू सङ्कलन गर्न simpli-COLLECT™ HPV Collection Kit मा प्रदान गरिएको सुन्तला रङको शाफ्ट स्वाब मात्र प्रयोग गर्नुहोस्। नमूना सङ्कलनपछि स्वाब Alinity m नमूना ट्युबमा नै हुनु पर्छ। Alinity m नमूना ट्युबमा एकभन्दा बढी स्वाबहरू नराख्नुहोस्।
- simpli-COLLECT™ HPV Collection Kit एक पटक मात्र प्रयोग गर्न मिल्ने यन्त्र हो। यन्त्रको पुनः प्रयोग वा पहिले प्रयोग गरिएको स्वाबसँग बिरामीको सम्पर्कले बिरामीलाई सङ्क्रामक जीवाणुहरूको सम्पर्कमा ल्याउन सक्छ।
- सम्भावित दूषितताबाट बच्न, Alinity m पियर्सेबल क्यापको नीलो माथिल्लो भाग नछुनुहोस्।
- सम्भावित दूषितता रोक्न, Alinity m पियर्सेबल क्यापलाई कडा रूपमा सिल गरिएको सुनिश्चित गर्नुहोस्।
- नमूना सङ्कलनका प्रक्रियाहरूको पालना गर्नुहोस्। नमूना सङ्कलन स्वाबलाई ट्रान्सपोर्ट ट्युबमा राख्नुअघि क्याप हटाउनुहोस्। नमूना सङ्कलन स्वाबलाई क्यापको पारीसम्म धकेल्नु हुँदैन।

प्रक्रियाका सीमाहरू

- स्व-सङ्कलन गरिने योनि स्वाब नमूना एप्लिकेसन त्यस्ता स्वास्थ्य सेवा सुविधाहरूमा सीमित छ जहाँ प्रक्रिया र सावधानीहरूको व्याख्या गर्ने सहायता र परामर्श टोली उपलब्ध छ।
- गर्भवती महिलाहरूले simpli-COLLECT™ HPV Collection Kit प्रयोग गर्नु हुँदैन।

प्रयोगको उद्देश्य: यो simpli-COLLECT™ HPV Collection Kit को उद्देश्य Alinity m HR HPV जाँचमार्फत परीक्षणका लागि योनि स्वाब नमूनाहरूको स्व-सङ्कलन गरी पठाउनु हो। थप जानकारीका लागि Alinity m HR HPV जाँच प्याकेज इन्सर्ट हेर्नुहोस्। simpli-COLLECT™ HPV Collection Kit घरेलु प्रयोगका लागि होइन।

सन्दर्भ: simpli-COLLECT™ HPV Collection Kit प्याकेज इन्सर्ट: 53-608542/R02

MOLECULAR.ABBOTT

इन भिट्रो *डायग्नोस्टिक* प्रयोगका लागि। Rx मात्र।

© 2026 Abbott. सबै अधिकारहरू सुरक्षित गरिएका छन्। उल्लेख गरिएका सबै ट्रेडमार्क Abbott समूहका कम्पनीहरू वा तिनीहरूका सम्बन्धित मालिकहरूका ट्रेडमार्क हुन्।
प्रदर्शित कुनै पनि तस्बिरहरू सचित्र वर्णनको उद्देश्यका लागि मात्र हुन्। यस्ता तस्बिरहरूमा देखाइएको कुनै पनि व्यक्ति कुनै मोडेल हुन सक्छ। MDx-26000469 10/26

Abbott